# इन फोकस

## मासिक न्यूजलेटर

अंक ११ | जुन, २०२२

# जब छोरीले **आमालाई** बनाइदिन कोरियन **घर**



### 'वाटरप्रुफ घर ?' सुन्दा आश्चर्य लाग्छ ।

तर, पूर्वपश्चिम राजमार्ग नजिकै झापा मेचीनगर नगरपालिका - ७ कि ५३ वर्षीया हरिमाया घिमिरेले ७४ वर्षीया आमा मन्दिरादेवी घिमिरेलाई बनाइ दिएको घर हो यो । परबाटै देखिन्छ चिटिक्क परेको कालो रङको जिङ्क प्यानलको छाना, काठकै जस्तो देखिने उडन प्यानलको भित्ता र सुन्तला रङको कर्नर बारले रङ्गिएको कोरियन प्रविधिको आकर्षक घर । बाटो हिड्ने र छरछिमेकको नजर पनि हिजो आज सोही घरमा पुग्छ । जीवनको उत्तरार्द्ध । कुलेसो पर्दै गएका मन्दिरादेवीका शरीरका छाला । चहकिलो छ बोली तर उमेरले बढ्यौलीको प्रतीत गर्छ । **बुढेसकालले छोएकी आमाको लागि कस्तो घर बनाइदिने ?** प्रश्नसहित घरको खोजीमा थिइन् हरिमाया । एसवाई प्यानलले बनाएको कोरियन प्रविधिको दुई चारवटा घरहरू हेरिन् उनले । घरभित्र पानी नछिर्ने, वाटरप्रुफ, तापक्रम मेन्टेन हुने र भुकम्प प्रतिरोधात्मक । ओहो यसको विकल्प अर्को घर हुनै सक्दैन । हरिमायाले निर्णय लिइन् आमाको लागि यही घर बनाउने । इन्जिनियर मामासँग पनि उनले विमर्श गरिन् । मामाबाट पनि सहमति पाएपछि एसवाई प्यानलकै घर बनाउने निधोमा पुगेकी हुन् उनी ।

'वृद्ध उमेरको आमाको स्वास्थ्यको हिसाबले पनि उपयुक्त लाग्यो । तापक्रम मेन्टेन हुने, भुकम्प प्रतिरोधात्मक । पानी पर्दा भित्र आवाज पनि आउँदैन,' उनी भन्छिन्, 'घर राम्रो लाग्यो ।' ७४ वर्षीया आमा मन्दिरादेवी पनि छोरीले बनाइदिएको घरमा बस्न पाएकोमा दंग छिन् । 'मलाई त खुसी लाग्यो । यो घरको सबै कुरा मन पर्‍यो । कर्म्फटेबल छ,' मख्ख पर्छिन् उनी ।

**'घर त राम्रो रहेछ नि ?'** बाटोमा हिड्ने र विदेशबाट आउनेहरूले हरिमायालाई भन्ने गर्छन् । 'अष्ट्रेलियाबाट आउनेहरूले हामी उता यस्तै घरमा बसेका थियौं भन्नु हुन्छ ।  सबैले राम्रो भन्नुहुन्छ,' उनी अरूलाई पनि यस्तै घर बनाउन सुझाउँछिन् । १२ धुर जग्गामा एसवाई प्यानलको चार कोठे घर सेवारो कन्सट्रक्सनले बनाइ दिएको हो । एक महिनामा तयार भएको उक्त घर बनाउन २४ लाख लागेको कन्सट्रक्सनले बताएको छ । उहाँहरूले घर बनाउन कुनै कम्पर्माइज गर्नुभएन । जिङ्क, उडन र सुन्तले रङको कर्नर बार प्रयोग भएको छ,' सेवारो कन्सट्रक्सनका **भविन्द्र आङदाम्बे** भन्छन्, 'भित्र जिप्सन प्रयोग गरिएको छ । वाटरप्रुफ छ, बाहिर हावालेसमेत असर गर्दैन ।' सुरूमा कर्नर बार जिङ्क प्यानल कालो हाल्न खोजिएको थियो तर पछि सुन्तले रङको हाल्दा आकर्षक देखिएको बताउँछन् उनी । हाल एक तलाको भएपनि तीन तलासम्म थप गर्न सकिने बताउँछन् आङदाम्बे । पछि आवश्यक परेमा तला थप गर्ने बताउँछिन् हरिमाया । 'अहिलेलाई ठीक छ । माथि ढलनमा जान चाहीँ नपाइने रहेछ । केही पाउन केही त गुमाउनै पर्‍यो । पछि आवश्यक पर्‍यो भने तला थप गर्छौं,' उनी भन्छिन् ।

# एसवाई प्यानलको घर बनाउँदै हुनुहुन्छ के-के कुरामा ध्यान दिने ?



भुकम्प गयो ? पानी पऱ्यो ? हावा चल्यो ? डराउनु पर्दैन । एसवाई प्यानलको घरले पूर्ण सुरक्षा दिन्छ । न भुकम्पले केही गर्छ, न हावापानीले । कतै तपाईँ यस्तै बलियो घर बनाउने सोचमा त हुनुहुन्न ? हुनुहुन्छ भने तपाईँको सोचलाई साकार बनाउँछ एसवाई प्यानलले । तर घर बनाउनुअघि तपाईँले विशेष ध्यान भने पुऱ्याउनै पर्छ । के-के कुरामा ध्यान दिने त ? सुरूमा आफूलाई कस्तो घर आवश्यक हो त्यसको योजना बनाउनु पर्ने बताउँछन् एसवाई प्यानल नेपालका जनरल म्यानेजर विमल गोसाइँ । 'कति तला बनाउने ? कति कोठाको बनाउने ? त्यो अनुसारको योजना बनाउनुपर्छ,' उनी भन्छन् ।

'अनि ?' योजना बनाएपछि एसवाई प्यानलको कार्यालयमा गएर घरका डिजाइन हेर्न सकिन्छ । जहाँ इन्जिनियरको टोली हुन्छन् । 'मोर्डन डिजाइनको बनाउने कि कस्तो ? इन्जिनियरलाई डिजाइन गर्न दिन सकिन्छ,'

'त्यसपछि ?'

डिजाइन भएपछि सम्बन्धित वडामा गएर नक्सा पास गर्नुपर्ने हुन्छ । वडाबाट पास भएको नक्सा एसवाई प्यानलको कार्यलयमा पनि ल्याउनु पर्ने हुन्छ । 'झ्याल, ढोका, छानो कस्तो हाल्ने ? इन्जिनियरले यसको लागत निकाल्छन् । त्यसपछि दुईपक्षबीच सम्झौता गर्नुपर्छ,' उनी भन्छन्, 'उडन प्यालन हाल्ने कि, आरपी प्यानल हाल्ने ? कति समयमा बनाइसक्ने भन्ने सम्झौता हुन्छ ।'

'कति समयमा बन्छ त ?'

कति तला कति कोठाको बनाउने हो त्यसको आधारमा समय लाग्ने हुन्छ । 'एक तलाको बनाउन लगभग एक महिना लाग्छ,' गोसाइँ भन्छन्, 'दक्ष जनशक्तिबाट काम हुन्छ ।'

भुक्तानी कसरी गर्ने ?

घर एसवाई प्यानलको डिलरले बनाउने हो । घर बनाउदा लाग्ने पैसा सुरूमा कति दिने ? पछि कति दिने भनेर सम्झौता हुन्छ,' उनी भन्छन्, 'सुरूमा ५० प्रतिशत त्यसपछि ४० प्रतिशत र निर्माण सकिएपछि १० गरेरर गर्न सकिन्छ । यो दुई पक्षको सहमतिमा हुन्छ ।'

# JUNE SALES

| SN | DEALER NAME | DEALER LOCATION | SQ FT |
|---|---|---|---|
| 1 | KTM BUILDER | KTM | 45550.37887 |
| 2 | AASHRIYA NIRMAN SEWA | Chitwan | 21417.12513 |
| 3 | MB KOREAN | Baglung | 15990.2114 |
| 4 | RHYDAM & REMOUS | KTM | 25975.84133 |
| 5 | JAY HANUMAN | - | 12315.86688 |
| 6 | KOREAN SUPPLIER | Pokhara | 10754.07539 |
| 7 | DEVAN SUPPLIERS | Illam | 10235.02477 |
| 8 | CHHAR NEPAL | Kavre | 10080.31972 |
| 9 | SMART NEPAL | Tanahun | 10078.36532 |
| 10 | PARAMOUNT | - | 8542.231791 |
| 11 | JD THANGSANG | Ithari | 7094.281386 |
| 12 | SHREE BUDDHA | Ramechhap | 6798.349663 |
| 13 | HIGH LINE ENGINERING | - | 6545.657798 |
| 14 | DHARAN STEEL | Dharan | 5411.039036 |
| 15 | ASHU NIRWAN SEWA | - | 4918.443469 |
| 16 | D.K BUILDER | Dadaldhura | 4740.389279 |
| 17 | RA HOUSE | Kanchanpur | 4690.040411 |
| 18 | ANJANA CONSTRUCTION | Sinduli | 4326.151122 |
| 19 | SY POKHARA | Pokhara | 3876.783208 |
| 20 | MATHAIRAJ ENGINEERING | Baitadi | 3501.562188 |
| 21 | SEWARO CONSTUCTION | Jhapa | 3233.983883 |
| 22 | HIMAL HOUSING & SUPPLIERS | Chitwan | 2712.49033 |
| 23 | ORBIT CONSTRUCTION | KTM | 2504.152004 |
| 24 | SAMBRIDI NIRMAN SEWA | Jhapa | 2441.042453 |
| 25 | VIEW DESING | Chitwan | 2383.646544 |
| 26 | KARNALI UPVC | Surkhet | 2360.367142 |
| 27 | SARU TRADING | Pokhara | 2344.481693 |
| 28 | MADHYA PACHIM | - | 1985.565488 |
| 29 | POKHARA UPVC | Pokhara | 1933.697584 |
| 30 | KUNDESH LIMBU | - | 1278.616199 |
| 31 | SAINO PREFAB | Bardiya | 1003.499348 |
| 32 | AARAV & COMPANY | - | 734.6152148 |
| 33 | WELLNESS | - | 179.0418104 |
| 34 | SILUATI ECO | Taplejung | 150.9858088 |

# PENDING GOVERNMENT PROJECTS

| SN | PROJECT NAME | LOCATION | ROOF & WALL | UPVC | DOOR |
|---|---|---|---|---|---|
| 1 | Trisuli hydro | Nuwakot | 400sqm | 30sqm | 40sqm |
| 2 | Kankai Municipality | Jhapa | 951.64sqm | | |
| 3 | District Ayurbeda | Myadi | 128sqm | | |
| 4 | Musikot Municipality | Musikot | 400sqm | 24sqm | 16sqm |
| 5 | Chitwan Conventional hall | chitwan | 9684sqm | | |
| 6 | Janata Awash | Sunsari | 800sqm | | |
| 7 | Thulo Khola Hydro | Myadi | 500sqm | 180sqm | 150sqm |
| 8 | Bheri hospital | Nepalgunj | 200sqm | | |
| 9 | Middle Modi Hydro | Myadi | 350sqm | | |
| 10 | Gaurisankar Hydro | Solukhmbu | 1000sqm | | |
| 11 | Nuwakot Coldstore (puff) | Nuwakot | 10000sqm | | |
| 12 | Aaroh Fertilizers | Janakpur | 3000sqm | | |

# SY Panel Nepal Limited

सुविधानगर, तिनकुने, काठमाडौं
**फोन:** ०१ - ४१११७०४

## कारखाना

रत्ननगर १४, पिठुवा, चितवन
**फोन:** ०५६ - ५६०२७४, ५६०६४४

## मार्केटिङ

विमल गोसाई : ९८५११४९८०४
सशी शाह : ९८०३२४७४८५
दिपक लुन्गेली : ९८२३१३२२९६
अविरल जिम्बा : ९८४९५७००३३८
अनिल सापकोटा : ९८०३२३१९७१ (चितवन)
राम काजी तामाङ : ९८४४२०४०४०
रुजन कोजु : ९८४११३३९९८
रविन श्रेष्ठ : ९८०३२५५६९३

### पत्रचार गर्ने ठेगाना

synepal34@gmail.com
synepal.com

### हामी सँग सामाजिक सञ्जालमा जोडिन

facebook.com/sypanelnepal
instagram.com/sypanel.np
youtube.com/c/sypanelnepal